# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, माघ १० गते २०५६ साल (संख्या ४०


## भाग ३

### श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको सूचना

#### कीटजन्य रोग अनुसन्धान तथा तालिम विकास समिति (गठन) आदेश, २०५६

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "कीटजन्य रोग अनुसन्धान तथा तालिम विकास समिति (गठन) आदेश, २०५६" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको कीटजन्य रोग अनुसन्धान तथा तालिम विकास समिति सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा सदस्य-सचिव समेतलाई जनाउँछ ।

(घ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त भएको वा तोकिएको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ङ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिए वा तोकिएबमोजिम सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

३. कीटजन्य रोग अनुसन्धान तथा तालिम विकास समितिको गठन : (१) कीटजन्य रोगका सम्बन्धमा अनुसन्धान, तालिम तथा त्यस्तै अन्य शैक्षिक गतिविधिको माध्यमद्वारा देशव्यापीरुपमा सूचना प्रवाह गरी त्यस्ता रोगको प्रभावकारी ढङ्गबाट निवारण तथा नियन्त्रण गर्ने उद्देश्यले कीटजन्य रोग अनुसन्धान तथा तालिम विकास समिति नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्:–

(क) महानिर्देशक, स्वास्थ्य सेवा विभाग – अध्यक्ष

(ख) स्वास्थ्य मन्त्रालय, योजना महाशाखाको प्रमुख – सदस्य

(ग) निर्देशक, इपिडेमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखा, स्वास्थ्य सेवा विभाग – सदस्य

(घ) प्रतिनिधि, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् – सदस्य

(ङ) जनस्वास्थ्य वा कीटजन्य रोग नियन्त्रण तथा उन्मूलन गर्ने कार्यसँग सम्बन्धित विषयमा कम्तीमा दश वर्ष देखि विशेष योगदान पुऱ्याउँदै आएका गैर सरकारी क्षेत्रमा कार्यरत समाजसेवी, विज्ञ वा चिकित्सकहरू-मध्येबाट कम्तिमा एक जना महिला सहित श्री ५ को सरकारबाट मनोनीत तीन जना व्यक्ति – सदस्य

(च) प्रमुख, हेटौंडा अस्पताल – सदस्य

(छ) कार्यकारी निर्देशक – सदस्य-सचिव

(३) मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू पुनः मनोनीत हुन सक्नेछन् ।

(४) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार: समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) कीटजन्य रोगका कारण तथा सो रोग निदान गर्ने उपायहरू पत्ता लगाउन आवश्यक अनुसन्धान, सर्वेक्षण तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९८

(ख) कीटजन्य रोग नियन्त्रण तथा उन्मूलन गर्न प्रभावित क्षेत्रहरूमा प्रयोग गरिएका औषधिहरूको प्रभावकारिताका सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने, गराउने ।

(ग) कीटजन्य रोग नियन्त्रण तथा उन्मूलन गर्ने सम्बन्धमा अनुसन्धान, तालिम, प्रशिक्षण तथा परामर्शदातृ कार्यक्रमलाई समितिको नियमित कार्यक्रमको रूपमा आबद्ध गर्ने ।

(घ) कीटजन्य रोग नियन्त्रण तथा उन्मूलन गर्ने सम्बन्धमा जनसाधारण तथा सो रोग नियन्त्रण गर्ने निकायसँग सम्बन्धित व्यक्तिहरूका लागि आवश्यक तालिम र प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरी त्यस्ता रोगप्रति सचेत तथा जागरुक बनाउने र त्यस्ता कार्यक्रमहरू सञ्चालन गर्न सघाउ पुर्‍याउने ।

(ङ) समितिको सञ्चालन र व्यवस्थापनसम्बन्धी नीति निर्धारण गर्ने र सो नीतिको कार्यान्वयन भए, नभएको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) समितिको नीति, वार्षिक तथा आवधिक योजना, कार्यक्रम र बजेट स्वीकृत गर्ने र सोको निमित्त आवश्यक रकमको व्यवस्था गर्ने, गराउने ।

(छ) कीटजन्य रोग नियन्त्रण तथा उन्मूलन गर्ने सम्बन्धमा कुनै व्यक्ति विशेष वा सम्बन्धित निकायहरूसँग समितिद्वारा निर्धारित सेवा शुल्क लिई परामर्श सेवा, अनुसन्धान सेवा वा प्रयोगशाला सुविधा सेवा एवं भौतिक सेवा सुविधा उपलब्ध गराउने ।

(ज) कीटजन्य रोग नियन्त्रण तथा उन्मूलन गर्ने सम्बन्धमा गरिएको अनुसन्धान तथा सर्वेक्षण प्रतिवेदन सहित सो रोग नियन्त्रण तथा उन्मूलन गर्ने सुझाव सहितको सिफारिश श्री ५ को सरकार समक्ष पेश गर्ने ।

(झ) श्री ५ को सरकारले कीटजन्य रोगको नियन्त्रण तथा उन्मूलन सम्बन्धमा कुनै विदेशी सरकार वा संस्था वा अन्तर्राष्ट्रिय संस्थासँग कुनै किसिमको सम्झौता गरी सो कार्यान्वयन गर्न समितिलाई निर्देशन दिएमा त्यस्तो सम्झौता कार्यान्वयन गर्ने, गराउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 295

(ञ) समितिको काम कारवाही सुचारू रूपले संचालन गर्नको लागि आवश्यकतानुसार सल्लाहकार तथा परामर्शदाताहरू नियुक्त गर्ने ।

(ट) समितिको उद्देश्य प्राप्त गर्न अन्य आवश्यक कार्यहरू गर्ने ।

५. समितिको बैठक र निर्णयः (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वर्षको कम्तीमा चार पटक बस्नेछ ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समितिका कम्तीमा एक तिहाई सदस्यहरूले समितिको बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले अध्यक्षलाई सो कुराको जानकारी गराई समितिको बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको सदस्य-सचिवले बैठक बस्ने सूचना सामान्यतयाः कम्तीमा सात दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ र त्यस्तो सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरूको सूची समेत सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

तर समितिको नीति, योजना, वार्षिक कार्यक्रम, बजेट, संगठनात्मक स्वरूप तथा दरबन्दीको स्वीकृति सम्बन्धमा निर्णय गर्दा कम्तिमा छ जना सदस्यहरूको एकमत नभई समितिको निर्णय हुन सक्ने छैन ।

(७) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

६. कार्यकारी निर्देशकको नियुक्तिसम्बन्धी व्यवस्थाः (१) समितिको प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य संचालन गर्नका लागि श्री ५ को सरकारले उपदफा (२) को अधीनमा रही एकजना कार्यकारी निर्देशक नियुक्त गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यकारी निर्देशक नियुक्त गर्दा चिकित्साशास्त्रमा कम्तिमा स्नातक वा जीव विज्ञानमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण भई जनस्वास्थ्यमा कम्तिमा स्नातकोत्तर वा कीटजन्य रोगमा पि. एच. डी. गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

220

कीटजन्य रोग नियन्त्रणसम्बन्धी कार्यमा कम्तिमा पाँच वर्षको अनुभव हासिल गरेका व्यक्तिहरूमध्येबाट एक जनालाई कार्यकारी निर्देशकको पदमा नियुक्त गरिनेछ ।

(३) उपदफा (१) बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नभएसम्मको लागि श्री ५ को सरकारले कुनै राजपत्रांकित प्रथम श्रेणी वा सो सरहका अधिकृतलाई बढीमा छ महिनाको निमित्त कार्यकारी निर्देशकको कार्य गर्नको लागि तोक्न सक्नेछ ।

(४) कार्यकारी निर्देशकको पदावधि नियुक्त भएको मितिले चार वर्षको हुनेछ र निज पुनः नियुक्त हुन सक्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले आवश्यक देखेमा कार्यकारी निर्देशकलाई निजको पदावधि सकिनु अगावै सो पदबाट हटाउन सक्नेछ ।

(६) कुनै कारणवश कार्यकारी निर्देशकको पद खाली हुन आएमा कार्यकारी निर्देशकको नियुक्ति नभएसम्मको लागि श्री ५ को सरकारले बढीमा तीन महिनासम्मको लागि उपदफा (२) को योग्यता पुगेको समितिको वरिष्ठ कर्मचारीलाई कार्यवाहक कार्यकारी निर्देशकको रूपमा नियुक्त गर्न सक्नेछ ।

(७) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधा तोकिएबमोजिम हुनेछ ।

७. <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः</u> (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने ।

(ख) समितिको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने ।

(ग) समितिले संचालन गरेका योजना तथा कार्यक्रमको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने ।

(घ) समितिको कार्यक्षेत्रभित्रका तालिम, अनुसन्धान, परामर्श र सूचना प्रवाह जस्ता व्यावसायिक सेवा प्रदान गर्नको लागि स्वदेशी वा विदेशी व्यक्ति वा संस्था वा क्षेत्रीय वा अन्तर्राष्ट्रिय संस्था वा अन्य ग्राहकहरू


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समक्ष आफ्नै प्रयासमा वा त्यस्ता संस्था वा ग्राहकको अनुरोधमा वा बोलपत्र आव्हानको प्रत्युत्तरको रूपमा प्राविधिक, वित्तीय तथा अन्य प्रस्ताव पठाउने वा पठाउन लगाउने।

(ङ) समितिको तर्फबाट विभिन्न व्यावसायिक सेवा प्रदान गर्ने सम्बन्धमा स्वदेशी वा विदेशी व्यक्ति वा संस्था वा क्षेत्रीय वा अन्तर्राष्ट्रिय संस्था वा अन्य ग्राहकहरूसँग समितिको तर्फबाट करार वा सम्झौता गर्ने वा त्यस्तो करार वा सम्झौता गर्न स्वीकृति दिने।

(च) समितिको निर्णयहरू कार्यान्वयन गर्ने, गराउने तथा समितिका कर्मचारीको सुपरीवेक्षण तथा नियन्त्रण गर्ने।

(छ) समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्ने तथा समितिको दैनिक प्रशासकीय काम कारवाही समितिको नीति र आफ्नो निर्देशन तथा नियन्त्रणमा संचालन गर्ने, गराउने।

(ज) यस आदेश र सो अन्तर्गत बनेका नियमहरू र समितिद्वारा गरिएका निर्णयहरूका अधीनमा रही समितिको काम सुव्यवस्थित ढङ्गबाट संचालन गर्ने सम्बन्धमा अन्य आवश्यक कामहरू गर्ने।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

८. समितिको कोष : (१) समितिको आफ्नो छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू जम्मा हुनेछन्:-

(क) श्री ५ को सरकारबाट अनुदानस्वरूप प्राप्त रकम।

(ख) स्वदेशी व्यक्ति, संघ, संस्थाबाट प्राप्त सहयोग, अनुदान वा ऋण स्वरूप प्राप्त रकम।

(ग) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहयोग अनुदान वा ऋण स्वरूप प्राप्त रकम।

(घ) समितिले उपलब्ध गराएको सेवाबाट प्राप्त हुने रकम।

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम

(३) समितिले उपदफा (२) को खण्ड (ग) बमोजिमको कुनै रकम लिनु अघि श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) समितिले नेपाल अधिराज्यमा रहेका कुनै वाणिज्य बैंक वा वित्तीय संस्थाको खातामा रकम जम्मा गरी आफ्नो कोषलाई संचालन गर्न सक्नेछ ।

(६) समितिको कोषको संचालन तोकिएबमोजिम हुनेछ ।

९. समितिको लेखा र लेखा परीक्षण: (१) समितिको आय-व्ययको लेखा प्रचलित कानूनबमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखा परीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले समितिको आय-व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरू नगदी वा जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

(४) समितिले प्रत्येक वर्ष गरेको काम कारवाहीको विवरण सहित प्रत्येक वर्षको लेखा परीक्षणको प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१०. कर्मचारीसम्बन्धी व्यवस्था: (१) समितिले आवश्यकता अनुसार प्राविधिक तथा प्रशासनिक पद सिर्जना गरी त्यस्तो पदमा समितिको कोषबाट तलब भत्ता दिने गरी कर्मचारी नियुक्त गर्न सक्नेछ ।

(२) समितिका कर्मचारीहरूको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरू तोकिएबमोजिम हुनेछन् ।

११. उप-समिति गठन गर्न सक्ने: (१) समितिले आफ्नो कार्य संचालन गर्नको लागि तोकिएबमोजिमको उप-समितिहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उप-समितिहरूको काम, कर्तव्य, अधिकार तथा कार्यविधि तोकिएबमोजिम हुनेछ ।

१२. बैठक भत्ता: समिति तथा उप-समितिका सदस्यहरूले समिति वा उप-समितिको बैठकमा भाग लिए बापत तोकिएबमोजिमको बैठक भत्ता पाउनेछन् ।

१३. अधिकार प्रत्यायोजन: (१) समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकतानुसार केही अधिकार कुनै सदस्य वा उप-समिति वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



३१२

(२) कार्यकारी निर्देशकले आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१४. निर्देशन दिनसक्ने : श्री ५ को सरकारले समितिको उद्देश्य अनुरूप काम, कारवाही गर्न समितिलाई आवश्यक निर्देशन दिनसक्नेछ र श्री ५ को सरकारले त्यसरी दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१५. समितिको कार्यालय तथा नाम : (१) समितिको कार्यालय, मकवानपुर जिल्ला हेटौंडामा रहनेछ र समितिले आवश्यकता अनुसार नेपाल अधिराज्यभित्र शाखा कार्यालयहरू समेत खोल्न सक्नेछ ।

(२) समितिको नाम कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्रको नामले प्रचलित रहनेछ ।

१६. श्री ५ को सरकारसँग सम्पर्क : समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा श्री ५ को सरकार, स्वास्थ्य मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१७. नियम बनाउने अधिकार : समितिले आफ्नो कार्य संचालन गर्नको लागि यस आदेशको अधीनमा रही आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यस्तो नियम श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

आज्ञाले,
श्रीकान्त रेग्मी
श्री ५ को सरकारको सचिव

## महालेखा परीक्षकको विभागको सूचना

लेखापरीक्षक सम्बन्धी ऐन, २०३१ को दफा २ खण्ड (क.१) ले दिएको अधिकार प्रयोग गरी महालेखा परीक्षकले सोही खण्डको प्रयोजनका लागि द रेयुकाई नेपालमा पूरा समय लेखामा काम गरेको अनुभवलाई पनि तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
बद्रीबहादुर कार्की
नायब महालेखा परीक्षक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



३२४

## श्री ५ को सरकार

# आपूर्ति मन्त्रालयको सूचना

श्री ५ को सरकारले उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम १८ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी देहायका जिल्लाहरूमा देहाय बमोजिमका निरीक्षण अधिकृतहरू तोकेको छ ।

(क) देहायका जिल्लाहरूको लागि अनुगमन तथा मूल्य व्यवस्था शाखा, आपूर्ति मन्त्रालयका देहायका अधिकृत :

१) काठमाडौं – औद्योगिक अर्थशास्त्री
२) ललितपुर – मूल्य निरीक्षक अधिकृत
३) भक्तपुर – तथ्यांक शास्त्री

(ख) देहायका जिल्लाहरूको लागि सम्बन्धित जिल्लामा रहेका गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालयका कार्यालय प्रमुख:

(१) कैलाली (२) बाँके (३) रूपन्देही
(४) मोरङ्ग (५) पर्सा (६) कास्की
(७) धनुषा

(ग) खण्ड (क) र (ख) मा परेका जिल्लाहरू बाहेक अन्य बाँकी जिल्लाहरूको लागि सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारीको दरवन्दी नभएको वा निजको अनुपस्थितिमा प्रशासकीय अधिकृत ।

आज्ञाले,
पद्मकुमार आचार्य
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## कृषि मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा १३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी निर्देशक पदमा श्री ध्रुव जोशीलाई नियुक्त गरेको छ ।

आज्ञाले,
डा. मुक्तिनारायण श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२६८

मुद्रण विभाग, सिंहदरबार